


वर्ष २८ अंक १ (पूर्णाङ्क ९०) www.doi.gov.np श्रावण – कार्तिक २०७७

# समाचार

## उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा नयाँ सचिव



२०७७ को कार्तिक ३ गते देखि उर्जा जलस्रोत तथा सिंचाई मन्त्रालयको जलस्रोत तथा सिंचाइ तर्फ नयाँ सचिवका रुपमा श्री मधुसुदन अधिकारीले पदभार सम्हाल्नु भएको छ । उर्जा, जलस्रोत तथा सिंचाइ विभागमा नयाँ बहाल हुनु भएका श्रीमान् सचिवको स्वागतार्थ २०७७ कार्तिक ४ गते मंगलबार जलस्रोत तथा सिंचाइ विभागमा महानिर्देशक श्री मधुकर प्रसाद राजभण्डारीको सभापतित्वमा स्वागत तथा परिचयात्मक कार्यक्रमको आयोजना भएको थियो । उक्त कार्यक्रममा नयाँ सचिव श्री अधिकारीले आफ्नो निर्देशन सम्वोधनका क्रममा लक्ष्य अनुसारको प्रगति हासिल गर्नु नै सवैको ध्येय हुनुपर्ने बताउनु हुँदै कार्यक्रम कार्यान्वयन तथा आयोजना संचालन गर्दा अनेकन समस्याहरु आईपर्नु स्वाभाविक हो तर समस्यालाई समयमै पहिचान गर्न सकियो र ती निराकरणका उपायहरु एकिन गरी समस्याको समयमै छरितो समाधान गर्न सकियो भने संभावित कठिन र विकराल समस्याहरुबाट जोगाउन सकिन्छ भन्नुभयो । जलस्रोत तथा सिंचाइ विभागको आयोजना सञ्चालन तथा कार्यक्रमको सफल कार्यान्वयनमा आफू सधैं सकारात्मक र सहयोगी हुने बताउनु हुँदै गर्न नहुने काम नगर्न र गर्न सकिने काम बाँकी नराख्न विभागका सबै कर्मचारीहरुलाई निर्देशन गर्नुभयो ।

जलस्रोत तथा सिंचाइ विभागको सभाकक्षमा आयोजित उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक श्री कृष्ण प्रसाद नेपालले विभागको अध्यावधिक स्थिति र प्रगति तथा आगामी कार्यक्रमहरुका बारेमा विबरणहरु प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा कार्यक्रमका सभापति तथा विभागका महानिर्देशक श्री राजभण्डारीले मन्त्रालयका नयाँ सचिवका रुपमा श्री अधिकारीको स्वागत गर्न पाउँदा आफू तथा सम्पूर्ण विभागका कर्मचारीहरुले गौरवको अनुभूति गर्न पाएको बताउनु हुँदै वहाँलाई हार्दिक शुभकामना व्यक्त गर्नु हुँदै उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयमा वहाँको सफल कार्यकालको कामना व्यक्त गर्नु भयो । साथै सचिव श्री अधिकारीबाट निर्देशन गर्नुभएका बुंदाहरुको आफू र मातहतका कर्मचारीबाट सिघ्र पालना हुने विश्वास दिलाउनु हुँदै सो कार्यक्रमलाई अन्त्य गर्नु भयो । यस अघि विभागको प्रांगणमा जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक, उपमहानिर्देशकहरु लगायत उच्च अधिकारीहरुद्वारा कार्यक्रमका मुख्य अतिथि तथा मन्त्रालयका सचिव श्री अधिकारीलाई पुष्प गुच्छा अर्पण गरि स्वागत गर्नुभएको थियो । उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका निवर्तमान सचिव श्री रवीन्द्रनाथ श्रेष्ठ भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा सरुवा पदस्थापन हुनुभएको छ ।

सिंचाइ गतिविधि सम्पादक मण्डल नयाँ सचिव श्री मधुसुदन अधिकारीज्युमा हार्दिक शुभकामना व्यक्त गर्दै वहाँ तथा मन्त्रालयका निवर्तमान सचिव श्री रवीन्द्रनाथ श्रेष्ठको समेत नयाँ कार्यकालको सफलताको कामना गर्दछ ।



## आ.ब. २०७६/७७ को बार्षिक प्रगति समीक्षा बैठक सम्पन्न

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्री माननीय बर्षमान पुन 'अनन्त'को अध्यक्षतामा उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयको आर्थिक

बर्ष २०७६/७७ को तेश्रो चौमासिक अवधि तथा बार्षिक समीक्षा बैठक तथा मन्त्रालय स्तरीय समस्या समाधान समितिको बैठक मन्त्रालयको सभाकक्षमा २०७७ श्रावण १८ गते सम्पन्न भयो । उक्त अवसरमा उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका उर्जा

## यस अंकमा

**समाचार**
- उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा नयाँ सचिव
- आ.ब. २०७६/७७ को बार्षिक प्रगति समीक्षा बैठक सम्पन्न
- राष्ट्रिय गौरबका आयोजनाहरुको अध्यावधिक प्रगति
- जलस्रोत तथा सिंचाइ विभागका कर्मचारीहरूलाई नयाा जिम्मेवारी
- जलस्रोत तथा सिंचाइ विभागका कर्मचारीहरुको अनिवार्य अवकाश

**सम्पादकीय**
- एकीकृत बाली तथा जल व्यवस्थापन

**लेख/रचना**
- पन्ध्रौं योजनामा सिंचाइ

# सम्पादकीय

## एकीकृत बाली तथा जल व्यवस्थापन

हाम्रो मुलुकमा अपनाइएको कृषि पेशा निर्वाहमुखी, अन्न बाली उत्पादन र जीवकोपार्जनमा आधारित छ र कृषि उत्पादनको अवस्था मुख्यतः बर्षा र वातावरणमा आधारित भएकोले कृषि उत्पादन, उत्पादकत्व, बाली सघनता आदि अनियमित र अस्थिर छ ।

कृषि उत्पादन, उत्पादकत्व, बाली सघनता बृद्धि हुन नसक्नुमा विभिन्न कारणहरु छन्, जस्तो खेतस्तरमा पानीको उपयोग व्यवस्थापन र निकासको अभाव, खेत स्तरमा माटोको उर्वराशक्तिमा ह्रास, न्यून र असंतुलित रसायनिक मल-खाद र विषादीको उपयोग, अव्यवस्थित उन्नत विऊ विजन र उन्नत कृषि प्रविधिको उपयोग र अभ्यास, कृषि यन्त्र, उपकरणको सीमित उपयोग र अभ्यास, सीमित रुपमा कृषि यान्त्रिकीकरण आदिको साथ-साथै उचित र आवश्यक एकीकृत बाली तथा जल व्यवस्थापन सम्वन्धी कार्य कार्यान्वयन हुन नसक्नुले पनि बाली उत्पादन, उत्पादकत्व, बाली सघनतामा अपेक्षित बृद्धि आउन नसकेको हो साथै प्रभावकारी रुपमा दिगो सिंचाइ प्रणालीको व्यवस्थापन संस्थागत गर्ने कार्य चुनौतीपूर्ण बन्दै गएको छ ।

विगतका दिनहरुमा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रमको शुरुवात भए पनि यस कार्यक्रम अन्तर्गत मुख्यतः नहरको संरचना मर्मत सुधारका साथ-साथै जल उपभोक्ताको संस्थागत विकासका लागि विभिन्न विषय र स्तरको तालिम, गोष्ठीमा सीमित रहँदै आएको र यस्तो हुनुमा कारक तत्वको मुल्याङ्कन गर्दा एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम एउटा फरक/छुट्टै कार्य (separate entity) को रुपमा लिइएको पाइयो र सोही अनुरुप सिंचाइ आयोजना/सिंचाइ प्रणालीको निर्माण मर्मत संभार कार्य सम्पन्न भए पश्चात मात्र यसको कार्यान्वयनको पहल गर्ने व्यवस्था भएकोले उक्त कार्यको कार्यान्वयन ओझेलमा पर्नु र प्रभावकारी परिणाम आउन नसकेको देखिन्छ । एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्नका लागि कुनै पनि सिंचाइ आयोजना/सिंचाइ प्रणालीको निर्माण, मर्मत संभार पूर्व नै मुख्य आवश्यक संरचनाको साथ-साथै एकीकृत रुपमा खेतस्तरमा पानी व्यवस्थापन र निकासको लागि आवश्यक संरचनाहरुको अध्ययन, डिजाइन, ड्राइङ्ग, रेखाङ्कन लागत अनुमान गर्नु पर्दछ र सोही बमोजिम नहरको लागि आवश्यक संरचनाको निर्माण, मर्मत संभारको कार्य प्रगति अनुसार चरणवद्ध रुपमा खेत स्तरमा पानी वितरण, व्यवस्थापन, निकासको लागि आवश्यक संरचनाहरुको निर्माण विकास गर्दै ज.उ.स. लाई सुसूचित (informative) र क्रियाशिल (functional) बनाई संस्थागत रुपमा दिगो सिंचाइ प्रणालीको निर्माण व्यवस्थापन र विकास गर्न सकिने छ ।

◆◆◆

तर्फका सचिव श्री दिनेश कुमार घिमिरे, जलस्रोत तथा सिंचाइ तर्फका सचिव श्री रवीन्द्रनाथ श्रेष्ठ, मन्त्रालयका सहसचिवहरु, राष्ट्रिय योजना आयोगका प्रतिनिधि, अर्थ मन्त्रालयका प्रतिनिधि, जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक, उपमहानिर्देशकहरु, विद्युत विकास विभागका महानिर्देशक, जल तथा मौसम विज्ञान विभागका महानिर्देशक तथा विभिन्न आयोजनाका आयोजना निर्देशकहरुको उपस्थिति रहेको थियो । जलस्रोत तथा सिंचाइ विभागको आ.ब. २०७६/७७ को तेश्रो चौमासिक तथा बार्षिक प्रगति बिवरण प्रस्तुत गनु हुँदै जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक श्री मधुकरप्रसाद राजभण्डारीले जलस्रोत तथा सिंचाइ विभागको बार्षिक प्रगति



विगतका आर्थिक बर्षहरुमा ९० प्रतिशतको हाराहारीमा रहने गरेकोमा आ.ब. २०७६/७७ मा कोभिड १९ महामारीबाट सिर्जित बन्दाबन्दीका कारण भौतिक प्रगति ७२.४८ प्रतिशतमा खुम्चिन पुगेको र कुल संशोधित बजेटको ६८.७१ प्रतिशतमात्र खर्च हुन सकेको बताउनु भयो । LMBIS अनुसारको पूँजीगत रु २१ अर्ब ३७ करोड ९२ लाख तथा चालुको १ अर्ब चौबीस करोड ८४ लाख गरी जम्मा २२ अर्ब ६२ करोड ७६ लाखको बजेटको दाँजोमा वित्तीय प्रगति ५८ प्रतिशत मात्र भएको देखिन्छ । कोभिड १९को


| | |
|---|---|
| प्रधान सम्पादक | नियाज वारिस |
| सम्पादकहरू | बुद्धरत्न तुलाधर |
| | प्रविन श्रेष्ठ |
| | बीरेन्द्र कुमार यादव |
| | सन्तोष कोष श्रेष्ठ |
| | हेमराज भुसाल |
| | आनन्दराज अर्याल |
| | दिपेन्द्र लौडारी |
| | जिज्ञासा राई याङ्खुरुङ् |

महामारीबाट सिर्जित बन्दाबन्दीकै कारण राष्ट्रिय गौरवका चार वटा आयोजनाको निर्माण प्रक्रियामा अवरोध पुगेको बताउनु भयो । यसैका कारण ५.५ अर्व रु खर्च हुन नसकी २५,००० श्रमदिनको रोजगारीमा प्रत्यक्ष असर परेको बताउनु भयो । बार्षिक भौतिक प्रगति ८० प्रतिशत भन्दा बढी प्रगति भएको जलस्रोत तथा सिंचाइ विभाग अन्तर्गत संचालित आयोजना तथा कार्यक्रमहरुमा राष्ट्रिय गौरवको भरखरै निर्माण शुरु हुन लागेको सुनकोशी मरीन डाईभर्सन आयोजनामा मात्र रहेको छ । ८० प्रतिशत भन्दा कम प्रगति हुने को मुख्य कारण सबै कार्यक्रम तथा आयोजनाहरु कोभिड १९ महामारीको कारण सिर्जित बन्दाबन्दी नै भएको बताउनु भयो ।

उक्त समीक्षा बैठकमा मन्त्रालय मातहतका निकाय तथा अन्तर्गतका विद्युत विकास विभाग, मौसम तथा जलवायु विज्ञान विभाग लगायतका अन्य निकाय, आयोजना तथा कार्यक्रमहरुको प्रगति बिवरणहरुपनि सम्वन्धित पदाधिकारीहरु मार्फत प्रस्तुत भएका थिए । कार्यक्रमको अन्त्यतिर श्रीमान् सचिवहरु द्वारा आआफ्ना मातहतका महाशाखाहरु तथा विभागहरुको प्रगति समीक्षाबारे संक्षिप्त धारणाहरु राख्नु भएको थियो भने राष्ट्रिय योजना आयोगका प्रतिनिधि तथा अर्थ मन्त्रालयका प्रतिनिधिहरुवाट समेत टिप्पणी सहित आफ्ना धारणा प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा, बैठकका अध्यक्ष तथा उर्जा जलस्रोत तथा सिंचाइ मन्त्री माननीय बर्षमान पुन अनन्त द्वारा समष्टिगत प्रगतिमा सन्तोष व्यक्त गनुहुँदै कोभिड १९ को महामारीबाट सिर्जित प्रतिकुल परिस्थितिमा पनि मुलुकको आर्थिक बृद्धिदर २.३ प्रतिशतले बढ्नु उत्साह जनक रहेको र महामारी कै बीच पनि माथिल्लो तामाकोशी लगायत अन्य ठुला जलविद्युत आयोजनाहरु र भेरी-बबई, सिक्टा जस्ता राष्ट्र गौरवका आयोजनाहरुमा कामलाई निरन्तरता दिइएको बताउनु भयो । आउँदा दिनहरुमा महामारीको असरलाई न्यून राख्ने उपाय अवलम्वन गर्दै कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयनमा आपसी सहयोग र सहकार्यमा प्रगति हासिल गर्ने भन्ने सोच बनाउनु पर्ने कुरामा जोड दिनुहुँदै बैठकको कार्यक्रमलाई औपचारिक रुपमा अन्त्य गर्नु भयो । मन्त्रालयमा आ.ब. २०७६/७७ को तेश्रो चौमासिक तथा बार्षिक समीक्षा बैठक हुनु पूर्व श्रावण १५ गते विभाग स्तरीय तेश्रो चौमासिक तथा बार्षिक समीक्षा बैठक जलस्रोत तथा सिंचाइ विभागका महानिर्देशक श्री मधुकर राजभण्डारीको अध्यक्षतामा विभागको सभाकक्षमा आयोजना गरी सम्पन्न भएको थियो । उक्त समीक्षा बैठकमा प्रमुख अतिथि उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयका तत्कालिन सचिव श्री रवीन्द्रनाथ श्रेष्ठ तथा सहसचिव श्री सरिता दवाडीको समुपस्थिति रहेको थियो । उक्त समीक्षा बैठकमा विभागका उपमहानिर्देशकहरु तथा विभाग अन्तर्गतका विभिन्न आयोजनाका आयोजना निर्देशकहरुको पनि सहभागिता रहेको थियो ।



## राष्ट्रिय गौरबका आयोजनाहरुको अध्यावधिक प्रगति

### बबई सिंचाइ आयोजना

बर्दिया जिल्लाको कुल ३६,००० हजार हेक्टर सिंचाइ योग्य जमीनमा बाह्रै महिना सिंचाइ सेवा उपलब्ध हुने नहर संरचनाहरु निर्माण गर्ने उद्येश्य लिएर आ.ब. २०४५/४६ देखि थालनी भएको बबई सिंचाइ आयोजनाबाट आ.ब. २०७७/७८ को शुरुआत संगै जम्मा २२,६०० हेक्टर जमीनमा सिंचाई हुने संरचनाहरुको निर्माण सम्पन्न भई नहर संचालन सुचारु भईसकेको छ। यसको कुल लागत करिब १९ अर्ब पुग्ने संशोधित अनुमान लगाईएकोमा हालसम्मको बित्तीय प्रगति ४६ प्रतिशत रहेको छ। शुरु देखि हालसम्म रु. ८ अर्ब ७८ करोड ७६ लाख खर्च भइसकेको आयोजना आ.ब. २०७९/८० मा सम्पन्न गर्ने लक्ष्य अनुरुप तिब्रताका साथ निर्माण कार्य अगाडि बढाईएको छ । आ.ब.२०७७/७८ को पहिलो चौमासिक अवधिमा झण्डै ८१ प्रतिशत प्रगति हासिल भएको छ । केही समयकालागि कोभिड-१९ को महामारीबाट सिर्जित बन्दाबन्दीको कारणबाट निर्माणमा केही सुस्तता आएको भएपनि हाल यस आयोजनाको बांकी काम समयमै सम्पन्न गर्न निर्माण कार्यमा तिब्रता दिईएको छ।

### भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजना

२०७६ भदौ २० गते स्वीकृत भएको खरिद गुरुयोजना अनुसार भेरी बबई डाईभर्सन बहुउद्देश्यीय आयोजना तर्फ मिति २०७७भाद्र १७गते Taking Over Certificate जारी गरिएको थियो । गत आ. ब.मा बाँकी रहेको हात्तीखाल स्थित Tunnel Outlet को Slope Protection को काम पनि आ. ब. २०७७७८ को प्रथम चौमासिकमा सम्पन्न भैसकेको छ । हेडवर्क्स निर्माणस्थलमा Employer's Camp, Consultant Camp, Contractor's Camp, Batching Plant, Crushing Plant, Laboratory लगायतका संरचनाहरुको निर्माण गर्ने कामहरु सम्पन्न हुने क्रममा रहेको छ । त्यसै गरी चिप्ले स्थित छिन्चु जाजरकोट ७८० मीटर सडक खण्डको डाईभर्सन कार्य तथा चिप्ले खोल्सी डाईभर्सन कार्यलाई तिब्रता दिईएको छ । हेडबक्र्स क्षेत्रमा Settling Basin को Excavation, Coffer dam निर्माणका लागि पम्पिङ गरी कोबल कंक्रिट, CSG Laying with Rolling तथा Surge Shaft क्षेत्रमा excavation र पहुँच मार्ग निर्माण कार्यहरु सुचारु रहेको छ ।



### सिक्टा सिंचाइआयोजना

सिक्टा सिंचाइ आयोजनामा सम्पन्न भएका शाखा, प्रशाखा नहरहरु तथा खोल्सा, खोल्सी मार्फत करिब २० हजार हेक्टरमा हिउँदे बालीमा भरपर्दो सिंचाइ सुविधा उपलब्ध गराउने भएको छ ।

### रानी, जमरा, कुलरिया सिंचाइ आयोजना

रानी, जमरा कुलरिया सिंचाइ आयोजना अन्तर्गत आ.व. २०७७।७८ को पहिलो चौमासिक सम्म मूलनहरको घेरावन्दी गर्ने कार्य ६०.५ प्रतिशत भन्दा बढी सम्पन्न भई इन्टेकको Landscaping को कार्य शुरु भएको छ । साथै ४.७१ मेगावाट क्षमताको हाइड्रोपावर निर्माणमा उत्साहजनक प्रगतिभएको छ । लम्की विस्तार नहर तर्फ दुई वटा VRB को निर्माण कार्य सम्पन्न भई अन्य बिभिन्न ६ वटा संरचनाहरुको निर्माणकार्यमा तिब्रता दिईएको छ । कर्णाली नदीको तटबन्धकार्य सुचारु भएको छ । चालु आ.ब.को प्रथम चौमासिक अवधिको वित्तियप्रगति ९३.९५ तथा भौतिक प्रगति ६१.३० प्रतिशत रहेको छ ।

### सुनकोशी मरिन डाईभर्सन बहुउद्येश्यीय आयोजना

सिन्धुली जिल्लाको खुर्कोट क्षेत्रमा सुनकोशी नदीको पानीलाई ६७ घन मीटर प्रति सेकेण्डको दरले ५.५ मीटर गोलो व्यासमा १३.३ कीलोमीटर लामो सुरुङ मार्फत मरीन खोलामा खसाली सोही खोला मार्फत सो पानी ४५ कि.मी तल बागमती नदीमा मिसाई हाल बागमती सिंचाइ आयोजनाको सिंचाइ प्रणालीको सदुपयोग र विस्तार गरी प्रदेश नं. २ का बारा, रौतहट, सर्लाही, महोत्तरी र धनुषाका १,२२,००० हेक्टर खेतीयोग्य जमीनमा बर्षैभरी सिंचाइ सुबिधा उपलब्ध गराउने लक्ष्यका साथ निर्माण कार्य शुरु हुन लागेको यस आयोजनामा ३१ मेगावाट जलबिद्युत अनवरत रुपमा उत्पादन गर्ने गरी ईन्जिनियरिङ डिजायन कार्य भैरहेको छ । सुरुङ निर्माण हुने स्थानको धरातलीय स्वरुप, निर्माणको समय, सुरक्षा, बातावरणीय पक्ष आदि समेतलाई अध्ययन गरी टनेल बोरिङ मेशिन (TBM) बाट मात्र यस आयोजनाको सुरुङ निर्माण संभव हुने देखिएकोले उक्त टनेल बोरिङ मेशिन खरिदका लागि प्रक्रिया अगाडि बढाईएको छ ।

## जलस्रोत तथा सिंचाइ विभागका कर्मचारीहरुलाई नयाँ जिम्मेवारी

उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको मिति २०७७/५/१२ को निर्णय अनुसार जल तथा उर्जा आयोगको सचिवालयमा कार्यरत सहसचिव श्री नूर मुहम्मद खाँलाई उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयको कार्यक्रम बजेट तथा अनुगमन महाशाखामा सरुवा पदस्थापन गरिएको छ । त्यसै गरि सोही दिनको निर्णय अनुसार जलस्रोत तथा सिंचाइ विभागका उपमहानिर्देशक श्री कौशल किशोर झालाई विभागकै आयोजना कार्यान्वयन समुहको सु.ई पदमा पदस्थापन गरी उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयमा काजमा खटाईएको छ । उक्त उपमहानिर्देशकको रिक्त पदमा समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाका आयोजना निर्देशक श्री नियाज वारिसलाई नियुक्त गरिएको छ । साथै, सु.ई.मा हालै बढुवा हुनुभएका श्री टीकाराम बराललाई समुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजनाको आयोजना निर्देशक पदमा नियुक्त गरिएको छ । उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयका सहसचिव श्री महेश्वर श्रेष्ठलाई जलस्रोत अनुसन्धान तथा विकास केन्द्रको कार्यकारी निर्देशक पदमा सरुवा पदस्थापन गरिएको छ । उर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालयका सु.हा.जि. श्री पुष्करनाथ घिमिरेलाई जोखिम युक्त पहिरो व्यवस्थापन आयोजनाको आयोजना निर्देशक पदमा सरुवा पदस्थापन गरिएको छ । साथै पछिल्ला निर्णयहरुबाट सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाका आयोजना निर्देशक श्री महेश्वर नरसिंह के.सीलाई जलस्रोत तथा सिंचाइ विभागको उपमहानिर्देशकमा नयाँ नियुक्ति गरिएको छ । श्री के.सी.लाई बहुउद्येश्यीय तथा सिंचाइ महाशाखाको प्रमुखका रुपमा पदस्थापन गरिएको छ । सि.डि.ई. श्री रुक्मागत खनाललाई सिंचाइ तथा जलस्रोत व्यवस्थापन आयोजनाको आयोजना निर्देशक पदमा नियुक्त गरिएको छ । त्यसैगरी भेरी बबइ डाइभर्सन बहुउद्येश्यीय आयोजनाको आयोजना निर्देशक पदमा सिंचाइ प्रणाली पुनर्स्थापन आयोजनाका आयोजना निर्देशक श्री हरिनारायण यादवलाई सरुवा गरिएको छ । रिक्त सिंचाइ प्रणाली पुनर्स्थापन आयोजनाको आयोजना निर्देशक पदमा जलस्रोत तथा सिंचाइ विभागका सि.डि.ई श्री देवराज निरौलालाई पदस्थापन गरिएको छ ।

## जलस्रोत तथा सिंचाइ विभागका कर्मचारीहरुको अनिवार्य अवकाश



आर्थिक बर्ष २०७७/७८ को पहिलो चौमासिक अवधिमा विभिन्न मितिहरुमा जलस्रोत तथा सिंचाइ विभागबाट एक जना उपमहानिर्देशक, दुइ जना सि.डि.ई., एक जना सि.डि.हा.जि. एक जना बरिष्ठ समाजशास्त्री लगायत ६ जना ईन्जिनीयरहरुले अनिवार्य अवकाश पाउनु भएको छ । जलस्रोत तथा सिंचाइ विभागका उपमहानिर्देशक श्री शिवकुमार बस्नेतले मिति २०७७/६/१५ गतेबाट अवकाश

पाउनु भएको छ । वहाँको २०७७ आश्विन १४ गते विभागमा एक कार्यक्रमको आयोजना गरी बिदाई गरिएको थियो । दुई जना सि.डि.ईमा सिं.डि.ई श्री लक्ष्मण प्रसाद सिंह तथा सि.डि.ई. (विशेष) श्री कृष्णबहादुर बिष्ट, सि.डि.हा.जि. श्री नरेन्द्र खत्री, बरिष्ठ समाजशास्त्री श्री बेणुकुमार पौडेल, ईन्जीनियरहरु सर्वश्री योगेन्द्रप्रसाद साह, विष्णुप्रसाद चौधरी, रमेश आचार्य, गुञ्जमान रंजित, बच्चा नारायण मण्डल र इन्द्रबहादुर खड्काले पनि सोही अवधिको विभिन्न मितिमा अनिवार्य अवकाश पाउनु भएको छ । सिंचाइ गतिबिधि सम्पादक मण्डल वहाँहरु सबैको अवकाश पछिको सफल भविष्यको तथा उत्तरोतर प्रगतिको कामना गर्दछ ।

# लेख/रचना

## पन्ध्रौं योजनामा सिंचाइ

✍ संतोष कोख श्रेष्ठ*

### पृष्ठभूमि

कृषकहरुको आफ्नो पहलबाट शदियौं देखि दीगो रुपमा सिंचाइ गरी कृषिवालीहरुको यथेष्ट उब्जाउ गरी आएको र आफू आत्मनिर्भर रहँदै आएको भए तापनि राज्यको प्रयासबाट पक्की नहर निर्माण गरी सिंचाइ सुविधा पुऱ्याउँदै आएको करिब एक शताब्दी अघिबाटमात्र हो । उक्त कार्य तत्कालिन राणा प्रधानमन्त्री चन्द्र शमशेरले आफ्नो प्रशस्त मौजा रहेको स्थानमा सिंचाइ सुविधा पुऱ्याउनका लागि ब्रिटिश भारतबाट झिकाइएका अंग्रेजी प्राविधिज्ञहरुको अध्ययन, विस्तृत सर्बेक्षण तथा उनीहरुकै प्रत्यक्ष निगरानीमा सप्तरी जिल्लाको त्रियुगा नदीमा बांध बांधी पक्की चन्द्र नहर निर्माण गराएको प्रयास स्वरुप संभब भएको हो । यसले सप्तरीको जम्मा ५०,००० एकड ग्रस कृषि योग्य जमीनलाई ओगटेको थियो । त्यसपछिका समय अन्तरालमा अर्का राणा प्रधानमन्त्री जुद्ध शमशेरले सर्लाहीमा २,००० एकड जमीनमा सिंचाइ सुविधा पुग्ने जुद्ध नहर बनाउन लगाएको र २००७ साल अघिसम्म सरकारको पहलमा पश्चिममा कपिलबस्तुमा जगदीशपुर जलाशयको निर्माण गर्दै पोखराको फेवा तालको पार्दीमा बांध बाधी सिंचाइ सुबिधा उपलब्ध गराईएको देखिन्छ (रायोआ, २०६७) । २००९ को चैत्र २५ गते नहर विभागको नाममा सिंचाइ सम्वन्धी कार्य गर्नका लागि छुट्टै निकाय स्थापना पश्चात योजनाबद्ध तरिकाले सिंचाइको विकासका लागि तेवा मिल्यो । यसरी साना ठुला प्रयासहरुबाट वि.सं. २०१३ साल अगाडि सम्म सरकारी निकायको प्रयासबाट जम्मा ६,२२८ हेक्टर भूमिमा सिंचाइ सुबिधा पुऱ्याउने नहर संरचनाहरुको निर्माण विकास भइसकेको थियो (जलस्रोत तथा सिंचाइ विभाग, २०७६) ।

### विभिन्न योजना अवधिहरुमा सिंचाइ


वि.सं. २०१३ साल देखि प्रथम पञ्च बर्षीय योजना (२०१३-२०१८) लागु भए संगै योजनाबद्धरुपमा सिंचाइ विकासको थालनी भयो । जम्मा रु ३३ करोड बजेट मध्ये रु २ करोड बजेट सिंचाइका लागि छुट्याईएको थियो । त्यसबेला बिद्यमान रहेको जम्मा सिंचित भूमि ६२,००० एकड (२५,१०१ हेक्टर) बाट २,७५,००० एकड (१,११,३३६ हेक्टर) पुऱ्याउने लक्ष्य लिएर योजना लागु भयो तर कुनै विशेषज्ञको लगाव विना तयार गरिएको पहिलो योजनामा राखिएको लक्ष्य अनुसार खर्च पनि हुन सकेन भने सिंचाइको लक्ष्यको जम्मा २३ प्रतिशत मात्र प्रगति हासिल भयो (रायोआ, २०६७) । दोश्रो योजना शुरु हुनु अघिसम्म जम्मा सिंचित क्षेत्रफल १,२७,००० एकड कायम हुन आएको थियो । दोश्रो योजना अवधिमा ५७,२८७ हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने लक्ष्य लिईएकोमा करिब ६७ प्रतिशत कुल भूमिमा सिंचाइ पुऱ्याउने संरचनाहरुको विकास भएको थियो । यस योजना अवधिमा सिंचाइ योजनाहरुको निर्माण र विस्तारका लागि जम्मा रु ४ करोड छुट्याइएको थियो । यस योजना अवधिमा तिनाउ, हर्दिनाथ, डुंडुवा जस्ता देशका बिभिन्न भागका तथा गोदवरी, कोड्खु र बोसन जस्ता काठमाडौं उपत्यकाका योजनाहरु पुरा भई सिंचाइ सुविधा पुगेको थियो । चन्द्रनहर तथा जुद्धनहरहरुमा थप भूमिमा सिंचाइ सुविधा पुऱ्याउन सुधार तथा विस्तारका कार्यहरु भएका थिए ।

तेश्रो पञ्चबर्षीय योजना अवधिका लागि थप १,४८,००० हेक्टर भूमिमा सिंचाइ सुविधा पुऱ्याउने योजनाहरु सम्पन्न गर्ने संशोधित लक्ष्य राखिएको थियो । जम्मा रु १० करोड बजेट छुट्याइएको थियो । यस योजनामा कुनै योजनाको निर्माण गर्नु अघि पूर्व लगानी सर्बेक्षण गरिने अवधारणाको विकास गरेको थियो । तर यस अवधिमा लक्ष्य अनुसार करिब ४० प्रतिशत मात्र प्रगति हासिल हुन सक्यो । चौथो योजनाको नीति र आवश्यकता पहिलेका योजना भन्दा केही पृथक राख्न खोजिए पनि बैदेशिक सहायता बिना ठुला तथा बृहत सिंचाइ आयोजनाहरुको कार्यान्वियन कठिन थियो । बागमती, कमला र महाकाली जस्ता केही बृहत योजनाहरुको निर्माण थालनी यस योजना अवधिबाट गरिएको थियो । कुल बजेटको १० प्रतिशत सिंचाइ क्षेत्रमा लगानीका लागि छुट्याईएको थियो । तर यस योजना अवधिमा हासिल भएको प्रगति यस भन्दा अघिल्ला दुइ योजनाहरु भन्दा निराशाजनक रह्यो । लक्ष्य अनुसार २९.६ प्रतिशतमात्र सिंचित क्षेत्रमा प्रगति हुन सक्यो । पांचौं योजना अवधिमा बृहत, लघु, भूमिगत तथा कृषक कुलो सुधार सबैलाई योजनामा समेट्ने प्रयास गरियो । यस योजनाकालमा संभाव्यतामा रहेका ठुला तथा मझौला सिंचाइ योजनाहरुको अध्ययन थालनी भयो । जसकालागि एशियाली विकास बैंक, विश्वबैंक तथा संयुक्त राष्ट्र विकास कार्यक्रम जस्ता निकायहरुको लगानी उल्लेखनीय रहेको थियो । यस योजना अवधिमा कुल लगानीको ६.२० प्रतिशत बजेट सिंचाइ क्षेत्रका लागि छुट्याईएको थियो र लक्ष्य अनुसारको प्रगति झण्डै दुइ तिहाइको रह्यो (शर्मा, २०६४ र श्रेष्ठ, २०५८) ।

छैठौं योजनामा कुल बजेटको १२.५८ प्रतिशत अथवा योजना अवधि


कालमा सबैभन्दा बढी हिस्सा सिंचाइमा लगानी भएको थियो। उक्त योजना अवधिमा क्रमागत ठुला सिंचाइ योजनाहरु जुन चौथो र पांचौ योजनाहरुमा शुरु भएका थिए तिनलाई पुरा गर्ने, पहाडी सिंचाइ योजना निर्माण गरी पहाडको खाद्य संकटलाई न्यून गर्ने, स्थानीय तहका सिंचाइ योजनाहरुको निर्माणमा स्थानीय उपभोक्ताहरुको सहभागिता बढाउने आदि नीति लिइएको थियो। तर लक्ष्य अनुसार ६० प्रतिशतमात्र प्रगति भयो। त्यसै गरी सातौं योजना अवधिमा कुल बजेटको ११.३७ प्रतिशत सिंचाइमा लगानी गरिएकोमा लक्ष्य अनुसार प्रगति ७६.१५ प्रतिशत रह्यो।

तीस बर्षे निरंकुश पञ्चायती व्यवस्था ढलेर देशमा प्रजातन्त्र पुनर्बाहाली भए पश्चातको आठौं योजना अवधिमा कुल बजेटको १० प्रतिशत हिस्सा सिंचाइमा लगानी भएर लक्ष्यको तुलनामा ८५.८ प्रतिशत प्रगति हासिल भयो। योजनाहरुमा सिंचाइ क्षेत्रमा पहिलो पटक यति धेरै लक्ष्यको नजीक प्रगति हासिल भएको थियो। नवौं योजना अवधिमा कुल बजेटको ७.९३ प्रतिशत हिस्सा सिंचाइ क्षेत्रमा लगानी भइ लक्ष्यको झण्डै ७० प्रतिशत प्रगति हासिल भयो। दशौं योजना अवधिमा नवौं योजना अवधिमा खस्केको सिंचाइ क्षेत्रको लगानी हिस्सा बढेर कुल बजेटको १०.५२ प्रतिशतमा उक्लियो। सिंचाइमा लक्ष्यको ८० प्रतिशत प्रगति हासिल भयो। त्यसपछि दोश्रो जन आन्दोलनबाट देशमा लोकतान्त्रिक गणतन्त्र लागु भयो। संक्रमण कालमा तीन बर्षे अन्तरिम योजनाका रुपमा एघारौं र बाह्रौं योजनाहरु बने। ती दुबै योजनाहरुमा कुल बजेटको अढाई प्रतिशत मात्र सिंचाइ क्षेत्रमा लगानी भए। तीन बर्षे योजना भएर पनि बजेटको आकार पहिलेका पञ्चबर्षीय योजनाकै हाराहारीको रह्यो। पछिल्ला दुइ योजनाहरुपनि संक्रमणकाल लम्बिन गएको कारणबाट तीन बर्षका रुपमा दोहोरिए। तेह्रौं योजना अवधिमा सिंचाइ क्षेत्रमा बजेटको २.७७ प्रतिशतमात्र लगानी भएपनि सिंचाई क्षेत्रमा राखिएको ९३ प्रतिशत लक्ष्य हासिल भयो। चौधौं योजना अवधिमा सिंचाईको बजेटको आकार कुल बजेटको १.८३ प्रतिशतमात्र रहेपनि सिंचित क्षेत्र बढाउने लक्ष्यको ८२.६६ प्रतिशत प्रगति हासिल भएको छ (चित्र १)।




चित्र १: विभिन्न योजना अवधिमा कुल बजेटमा सिंचाइको हिस्सा र लक्ष्यको तुलनामा प्रगति प्रतिशत

२००७ सालको परिबर्तन पश्चात देशमा विकास निर्माणका पूर्वाधारहरु केही पनि नभएको अवस्था थियो वा नाम मात्रको थियो। केही विकासका कामहरु योजना पूर्व शुरु नभएका होइनन्। योजनाबद्ध विकासको थालनी संगै विदेशी सहयोगमा विकास निर्माणका कामले गति लिन थाल्यो। यो क्रम दशौं योजना पछिका तीन बर्षीय योजनासम्म पनि कायम रह्यो। तल चित्र २ मा विभिन्न सिंचाइ योजनाहरुको निर्माणलाई स्रोतका आधारमा चित्रण गरिएको छ। शुरुमा सिंचाइमा बैदेशिक सहयोगको हिस्सा आधाआधीको मात्रामा रहेकोमा चौथो योजना अवधिमा यो बढेर ८२ प्रतिशत सम्म पुग्यो। त्यसपछिका दुइ योजना अवधिमा यो हिस्सा तीन चौथाईको हाराहारीमा रह्यो। सातौं योजनामा सिंचाइमा बैदेशिक लगानीको स्थिति ६३.५५ प्रतिशत रह्यो ( पौडेल, २०५९)। बीचको योजना विहिन काल र आठौं योजना अवधिमा बैदेशिक लगानी दुइ तिहाईको हाराहारीमा रह्यो। पछिल्ला केही योजनाकालहरुमा पनि यही स्थितिको निरन्तरता कायम भए पनि सरकारको आफ्नै लगानीमा बृहत खालका सिंचाइ आयोजनाहरु समेत निर्माण गर्ने क्रम पनि बिस्तारै बढ्दै गएको छ।




चित्र २: विभिन्न योजनाकालमा विभिन्न स्रोतबाट सिंचाइ विकासमा भएका लगानी

## पन्ध्रौ योजना अवधिको सिंचाइ

पन्ध्रौं योजना अवधि जलस्रोत रणनीतिमा इंगित काल ( सन् २००२ देखि २०२७ सम्मको पच्चिस बर्षे अवधि) को अन्तिम त्रियांश कालमा पर्दछ । यस योजनाको पूर्व संध्यामा नयां सिंचाइ गुरु योजनाको तयारी अन्तिम अवस्थामा रहेको छ । यसमा सिंचाइ हुन सक्ने खेती गरिएको जमीनको आंकडामा परिमार्जन तथा अध्यावधिक गरिएको छ । यस योजनाको अवधिमा पनि यस अघिका योजनाहरुमा जस्तै विभिन्न समस्याहरु जस्तै विकास गरिएका सिंचाइ पूर्वाधारहरुबाट बर्षैभरी एकैनासले सिंचाइको भरपर्दो सेवा पुऱ्याउन नसक्नु, निर्माण भैसकेका सिंचाइ प्रणालीहरुको पर्याप्त र समयमै मर्मत सम्भार हुन नसक्नु सिंचित क्षेत्रको अतिक्रमणामा विस्तार भइ शहरीकरण हुनु, भूमिको खण्डीकरणाको समस्या बढ्दै जानु, उपलब्ध पानीको स्रोतको उपयोगमा चाप बढ्नु, प्राकृतिक मुल तथा मुहानहरु सुक्दै जाने क्रम बढ्नु, सतह र भूमिगत जलको संयोजनात्मक उपयोग हुन नसक्नु, सिंचाइ तथा जलउपयोग सम्वन्धी दक्षता न्यून हुनु आदि जस्ता समस्याहरु ज्यूँका त्यूँ रहेका छन् ।

एकातिर यी समस्याहरुबाट मुक्त हुन गरिने सघन प्रयासहरुमा निरन्तरता दिन जरुरी छ भने अर्कातिर तोकिएका लक्ष्य अनुरुप कृषियोग्य भूमिमा सिंचाइ सुविधा पुऱ्याउने संरचनाहरुको समयमै निर्माण सम्पन्न गर्नु, संघ, प्रदेश तथा स्थानीय निकायबाट विकास गरिने सिंचाइ संरचनाहरुको पहिचान र प्राथमिकता निर्धारण, सिंचाइका लागि उपयुक्त तथा गुणस्तरिय प्रविधिको विकास एवं अवलम्वन, दीर्घकाल सम्म प्रतिफल दिने हिसाबले बर्षैभरी सिंचाइ सेवा उपलब्ध गराउने अन्तर जलाधार जलस्थानान्तरण तथा जलाशय युक्त संरचनाहरुको निर्माण तथा विकास गर्नु, सिंचित कृषि क्षेत्रको संरक्षण तथा अन्य प्रयोजनकालागि प्रयोग हुन दुरुत्साहन गर्नु, पानीको स्रोतमाथि जलबायु परिवर्तन वा अन्य कारणबाट पुग्ने प्रतिकूल असरलाई न्यूनीकरण गर्नु आदि चुनौतीहरु रहेका छन् । त्यसैकारण माथि उल्लेखित समस्याहरुको सम्बोधन हुने गरी कार्यान्वयन गर्न पन्ध्रौं योजना अवधिमा निम्न उल्लेखित रणनीतिहरुलाई अवलम्वन गर्ने जनाईएको छ ।

- सिंचाइ विकासको गुरुयोजना र कृषि विकास रणनीति अनुसार जलबायु परिवर्तन अनुकुलन हुने गरी सिंचाइ योजनाहरुको विकास र विस्तार गर्ने ।
- बाहै महिना सिंचाइ सेवा उपलब्ध गराउनका लागि ठुला बहुउद्देश्यीय, अन्तरजलाधार जलस्थानान्तरण र जलाशय युक्त आयोजनालाई प्राथमिकतासाथ अघि बढाउने ।
- संघ, प्रदेश तथा स्थानीय तहहरुको समन्वय र सहकार्यमा सिंचाइ प्रणालीको विकास गर्ने ।
- भूमिगत सिंचाइ योजनाको विस्तार सहित उपयोगमा जोड दिने । नयां प्रविधिमा आधारित सिंचाइको विकास तथा सिंचाइ दक्षतामा बृद्धि गर्ने ।
- सिंचाइ प्रणालीहरुको मर्मत सम्भार एवं दीगो व्यवस्थापनका लागि स्रोत सहित उपभोक्ता सहभागिता सुनिश्चित गर्ने ।
- नीतिगत सुधार एवं विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षता अभिबृद्धि गर्ने ।

उल्लेखित समस्या तथा चुनौतीहरुका बावजुद आधार बर्षमा कायम भएको १४ लाख ७३ हजार कुल सिंचित क्षेत्रलाई बढाउँदै पन्ध्रौं योजनाको अन्त्य सम्म १७ लाख ७३ हजार हेक्टर पुऱ्याउने लक्ष्य राखिएको छ, जसमा सतह सिंचाइ विस्तारको ५३ प्र.श., भूमिगतको २८ तथा नयां प्रविधिमा आधारित सिंचाइको १९ प्र.श. योगदान हुने प्रक्षेपण गरिएको छ । बर्षैभरी सिंचाइ सुविधा पुगेको क्षेत्र विस्तार गरी कुल सिंचित क्षेत्रको ५० प्रतिशत पुऱ्याउने लक्ष्य राखिएको छ । साना सिंचाइ प्रणालीहरुबाट योजनाको अन्तिम बर्षसम्म ४५ हजार हेक्टरमा सिंचाइ सुबिधा पुऱ्याउने लक्ष्य राखिएको छ ।

सम्वत् २०७५ सम्मको स्थितिलाई अध्यावधिक गरिएको तथ्याङ्क विभागको बार्षिक तथ्याङ्क पुस्तक २०१९ का अनुसार नेपालको आर्थिक रुपमा सक्रिय जनसंख्याको ४५ प्रतिशत वैदेशिक रोजगारीमा रहेको देखिन्छ (केन्द्रीय, तथ्याङ्क विभाग २०७६) । यस हिस्साले नेपालको अर्थतन्त्रमा २० प्रतिशतको योगदान गरेको विगत २/३ बर्ष अघि देखिका आर्थिक सर्भेक्षणमा औंल्याइएको छ (अर्थ मन्त्रालय,२०७६) । मुलुक भित्र र बाहिरको योगदानले नेपालको पूंजी निर्माणमा केही योगदान भएकोले अर्थतन्त्रको आकार बढेको छ । यसले करिब एक दशक अघिबाट मुलुकको अन्य क्षेत्र जस्तै सिंचाइमा पनि राष्ट्रको लगानीको सम्भाव्यता बढाएको छ । बबई सिंचाइ योजनामा मात्र नेपाल सरकारको लगानी परेकोमा पछिल्ला योजना अवधिहरुमा सिक्टा सिंचाइ आयोजना, भेरी बबइ तथा सुनकोशी मरिन डाईभर्सन बहुउद्येश्यीय आयोजना जस्ता बृहत् आयोजनाहरुमा पनि खुद नेपाल सरकारको लगानी बिस्तार भएको छ।

### अन्त्यमा,

पहिलेका योजना अवधिमा सम्पन्न भएका संरचनाका आधारहरु, अनुभव तथा हासिल भएका दक्षता संगै सिंचाइ विकास र विस्तारका लागि दक्ष जनशक्ति स्वदेशमै उपलब्ध हुनु, पछिल्ला समयमा विद्युत आपूर्तिमा निरन्तरता, आयोजना स्थलसम्म पहुँच मार्ग पहिल्यै उपलब्ध हुनु, बृहत तथा ठुला आयोजनाहरुको निर्माणमा सरकारको लगानी बढ्नु, आधुनिक प्रविधिको प्रयोगबाट लक्ष्य अगावै कार्य सम्पन्न हुने सम्भावना बढ्नु, सिंचाइ सम्बन्धी नयाँ प्रविधिहरुको विकास तथा विस्तार हुनु र सिंचाइ विकासमा कृषक उपभोक्ताहरुको पहुंच तथा लगानी एवं सहभागिता बढ्दै जानु तथा सिंचाइ प्रणालीको थप विकासका लागि कृषकहरुको माग तथा लगान बढ्नु आदि सकारात्मक पक्ष हुन् । तथापि सिंचाइ पूर्वाधार विकास संगै सिंचाइ सुविधाको दक्षतामा कमी वा कृषि क्षेत्रमा गर्नुपर्ने आवश्यक सुधारको अभाव आदि कारणले कतै कतै सिंचित क्षेत्रमा कृषि उत्पादनमा उल्लेख्य बृद्धि हुन नसक्दा वा बढ्दो जनसंख्याको खाद्यान्न मागलाई धान्न नसक्दा अर्बौ रुपैंयाका खाद्यान्न, तरकारी तथा फलफुलहरु आयात गर्न परिरहेको छ । योजनाबद्ध विकासको थालनीका बेला नेपालले अनाज निर्यात गर्ने अवस्थाबाट कृषि प्रधान

भनिएको मुलुकमा चौधौं तथा पन्ध्रौ योजनासम्म आईपुग्दा खाद्यान्न तथा कृषि जन्य अन्य उपजमा पर निर्भरताको अवस्था सृजना हुनु विडम्वना नै मान्नु पर्दछ । तर यसमा क्रमिक सुधारका लक्षणहरु देखा परिरहेकोले भविष्य प्रति आशा गर्ने ठाउँ पनि छ ।

## सन्दर्भ सूची:


१. अर्थ मन्त्रालय, नेपाल सरकार, २०७६, आर्थिक सर्भेक्षण २०७६/७७

२. केन्द्रीय तथ्याङ्क विभाग, २०७६, वार्षिक तथ्याङ्क पुस्तिका २०१९ (अंग्रेजी संस्करण)

३. जलस्रोत तथा सिंचाइ विभाग, आ.व. २०६९/७० देखि २०७५/७६ सम्मका सिंचाइ वार्षिक पुस्तिकाहरु

४. पौडेल, सोमनाथ, २०५९, नेपालमा सिंचाइ, जलजन्य सभ्यता र संस्थागत विकास, जलस्रोत विकास संस्था, अनामनगर, काठमाडौं ।

५. राष्ट्रिय योजना आयोगको (रायोआ) वेबसाइट, २०६७, पहिलो पञ्च बर्षीय योजना देखि पन्ध्रौ योजनासम्मका पुस्तकहरु, राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरवार, काठमाडौं ।

६. शर्मा, नीलम कुमार, २०६४, नेपालमा योजना र विकास, पैरवी प्रकाशन, पुतली सडक, काठमाडौं

७. Shrestha, BP, 2001, A Critique on Planning and Economic Development in Nepal, In: Future of Nepalese Economy, NEFAS/FES


*श्री कोखश्रेष्ठ सिंचाइ व्यवस्थापन महाशाखामा वरिष्ठ कृषि अर्थ विज्ञ हुनुहुन्छ

---

Government of Nepal
**Ministry of Energy, Water Resources and Irrigation**
**Department of Water Resources and Irrigation**
**Irrigation Management Division**
Jawalakhel, Lalitpur

## *Call for Papers for 13th National Irrigation Seminar on "Water Management for Sustainable Irrigation System"*

The following are the sub-themes on which the papers are expected.

1. Modernization and Mechanization of Irrigation System
2. Water Conservation for Irrigation Water Management
3. Rehabilitation of Irrigation System
4. Non-Conventional Irrigation
5. Inter-basin transfer for Water Management
6. Water Friendly Farming/Climate Resilient Irrigation
7. Irrigation Management Transfer
8. Adaptive Approaches for Irrigation Management in Federalism
9. Strengthening of WUA for Sustainable Irrigation System
10. Public/Private Sector Intervention in Irrigation
11. Conjunctive Use of Water Resources in Irrigation
12. Optimization of Groundwater Use for Sustainability of Irrigation System
13. Groundwater Irrigation System in Federalism
14. Use of Mountain Aquifer in Hill Irrigation

**SCHEDULE FOR PAPER SUBMISSION:**

- Abstract Submission: 25th Falgun, 2077 (9th March, 2021)
- Notification of Abstract Selection: 4th Chaitra, 2077 (17th March, 2021)
- Submission of full text paper: 19th Chaitra, 2077 (1st April, 2021)

The Abstract should not be more than 250 words. The abstracts will be peer reviewed and evaluated based on originality, technicality and relevancy. The accepted full paper will be published in seminar proceedings of DWRI. Please submit your abstract to dwri.management@gmail.com and for any information contact at the above email address or visit the website: https://www.dwri.gov.np/.

**Deputy Director General**

---

**सिंचाइ व्यवस्थापन महाशाखा**
**पोष्ट बक्स २०५५**
**जावलाखेल, ललितपुर, नेपाल**

श्री ____________________

____________________

____________________